**प्रभु बैंक लिमिटेड, शाखा कार्यालय शंखमूल, काठमाण्डौंका, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।**

**(सूचना प्रकाशित मिति २०८३/०३/०९ गते मंगलबारको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिका)**

यस बैंक बाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम बैंकसँग गर्नु भएको सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक तथा लिखित ताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणीले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा बैंकले कर्जा असुलीको लागि मिति मिति २०८१/१२/२१ गते सोमबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना तथा धितो लिलाम विक्री बारेको ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता नभएको तथा धितो बापतको सम्पत्ति लिलाम बिक्री हुन नसकेकोले मिति २०८३/०१/१५ गते मंगलबारको आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितो लिलाम विक्री गर्ने बारेको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम समेत कर्जा चुक्ता तथा धितो लिलाम विक्री नभएकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ, सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र **बैंकको मुख्य शाखा कार्यालय बबरमहल, काठमाण्डौंमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०८३/०३/१६ गते मंगलबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) **बैंकको मुख्य शाखा कार्यालय बबरमहल, काठमाण्डौंमा** दिनको ठीक ३:०० (तीन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ। पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र उक्त बाँकी सम्पूर्ण कर्जाको साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताहरुको तिनपुस्ते विवरण :**

**१. ऋणी :** नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्त संरक्षण विभाग, बबरमहल, काठमाण्डौंमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०६२/०४/१६ मा दर्ता नं. ७०८४९, समुन्द्रपार आयातमा दर्ता कायम भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय, काठमाण्डौं-१ बाट मिति २०६२/०४/२८ (मु.अ. कर दर्ता मिति २०६२/०४/२८ मा करदताको नाम रुवी रिजाल कारोवारको नाम मेगाटेक पावर एण्ड कम सोलुसन भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ३०१९४४२३८ को प्रमाणपत्र प्राप्त **मेगाटेक पावर एण्ड कम सोलुसन**।

**रजिष्टर्ड ठेगाना :** काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ३० (साविक का.म.न.पा. वडा नं. ३३), पुलतीसडक।

| | |
|---|---|
| **प्रोप्राइटर तथा जमानतकर्ता : रुवी रिजाल (लोहनी)** (ना.प्र.नं. ६०२०२/३०३०८, जारी मिति २०५८/०५/११, जारी गर्ने कार्यालय जि.प्र.का. काठमाण्डौं)। ठेगाना : काठमाण्डौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ८ (साविक जोरपाटी गा.वि.स. वडा नं. ६)। बाबु : भरत प्रसाद रिजाल। पति : शैलेश लोहनी। ससुरा : नारायण प्रसाद लोहनी। | **जमानतकर्ता : शैलेश लोहनी** (ना.प्र.नं. ३५१६६ जारी मिति २०५५/०५/२२ जि.प्र.का. मोरङ्ग)। ठेगाना : मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. १० (साविक विराटनगर म.न.पा. ककवडा नं. ४)। बाबु : नारायण प्रसाद लोहनी। बाजे : तेज विलाश लोहनी। |

**ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

१. रुवी रिजाल (लोहनी) नाममा मालपोत कार्यालय चावहिल, काठमाण्डौंमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौं जिल्ला, कपन गा.वि.स. वडा नं. ६ नक्सा सिट नं. १०२०९८९१०, स्थित कित्ता नं. ३२४ क्षेत्रफल १५५.०० (व.मी.)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापत समेत ...........१

४. ऋणी **मेगाटेक पावर एण्ड कम सोलुसन**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण.............१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभागबाट** प्राप्त गर्न सकिनेछ।

२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके वमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शंखमूल, काठमाण्डौंमा** सम्पर्क राख्न सकिनेछ।


**प्रभु बैंक लिमिटेड**

**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**

**फोन नं. : ०१-५७१९०००**


Size: 3x27